# वीरेन्द्रनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर सुर्खेत
कर्णाली प्रदेश, नेपाल
(......प्रशासन........ शाखा)

☎ ०८३-५२०२६३
०८३-५२०१४४
०८३-५२०१२८


पत्र संख्या : ०७९/०८०
चलानी नम्बर :-

मितिः २०७९/११/०२

**कर्मचारी छनौट सम्बन्धी सूचना।**

(प्रथम पटक प्रकाशित मितिः- २०७९।११।०२)

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०७९।११।०२ गतेको निर्णय बमोजिम यस नगरपालिकामा संचालित "द्वन्द्वपिडितहरुको सामुदायिक समावेशिकरणका लागि मनोसामाजिक परामर्श कार्यक्रम" का लागि नगरपालिकाको **करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७७** बमोजिम देहायका पदहरुमा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र नगरपालिकाको प्रशासन शाखामा आवेदन दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः-**

क ) पदको विवरणः-

| क्र.स. | विज्ञापन नं. | पद | माग पद संख्या | कै. |
|---|---|---|---|---|
| १ | ०७/०७९-८० | मनोसामाजिक कार्यकर्ता | २ | |

ख ) **न्युनतम शैक्षिक योग्यता तथा सिप**

१. हेल्थ असिस्टेन्ट, नर्सिङ्ग (पि.सि.एल वा ब्याचलर) ब्याचलर इन पब्लिक हेल्थ,बि.एड.हेल्थ एजुकेशन, ब्याचलर इन साइकोलोजी, सोसल स्टडी,पी.जि.डी इन काउन्सेलिङ्ग मध्ये कुनै एक शैक्षिक योग्यता पुरा गरेको।

२. तोकिएको योग्यता पुगेका सामाजिक परिचालक वा समुदायमा मनोसामाजिक सहयोगको क्षेत्रमा काम गरेका साथै द्वन्द्व पीडित तथा तिनका परिवारका महिला सदस्य (स्थानीय शान्ति समितिको प्रमाण प्राप्त विशेष गरेर द्वन्द्वको गम्भिर असर परेकाहरु जस्तै परिवारका सदस्य द्वन्द्वमा गुमाएका वा बेपत्ता भएका तथा गम्भिर अङ्गभङ्ग भएकाहरुको परिवार) लाई प्राथमिकता दिईनेछ।

३. इमेल, इन्टरनेट, Ms Word, Ms Excell तथा Power Point लगायतको कम्प्युटर सम्बन्धी आधारभुत सिप भएको।

**ग) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु:**-देहायका प्रमाणपत्रका प्रतिलिपिहरु उम्मेदवार स्वंयमले प्रमाणित गरी दरखास्त साथ पेश गर्नुपर्ने छ।

१. नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि
२. सम्बन्धीत पदको लागि न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।
३. नगरपालिकाको राजश्व शाखामा दरखास्त दस्तुर बुझाएको नगदी रसिद
४. अनुभवको प्रमाणपत्रको प्रतिलिपि

**घ) उमेर हदः**- १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको।

**ङ) कार्यशर्त तथा सेवा सुविधा:**- तोकिए बमोजिम।

**च) दरखास्त दस्तुर:**- रु ४००।-

**छ) दरखास्त बुझाउने अन्तिम मिति :**- २०७९/११/०९ गते सम्म र दोव्वर दस्तुर मा सोको भोलिपल्ट।

**ज) दरखास्त फारम**:-यस कार्यालयको प्रशासन शाखा वा कार्यालयको वेभसाईट www.birendranagarmun.gov.np बाट प्राप्त गर्न सकिनेछ। रितपूर्वक दरखास्त फारम भरी कार्यालयमा बुझाउनु पर्नेछ। रित नपुगी तथा म्याद नाघी आएको दरखास्त उपर कुनै कारबाही हुने छैन।

नरहरी तिवारी
प्रमुख प्रशासकीय अधिकृत